# नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचको मानव अधिकार तथा मानवीय कानून पालना गर्ने सम्झौता पत्रको मस्यौदा

**प्रस्तावना**

नेपाली जनताले मानव अधिकार, आर्थिक एवं सामाजिक विकास, दीर्घकालीन शान्तिप्रतिको तीव्र चाहनालाई बारम्बार व्यक्त गरिरहेका र हालै भएको शान्तिपूर्ण लोकतान्त्रिक जनआन्दोलनमा अभिव्यक्त जनभावनालाई कदर गर्दै,

नेपाल सरकारले २०६३ बैशाख २० गते युद्धविराम घोषणा गरेको तथा ने.क.पा ( माओवादी ) द्वारा २०६३ बैशाख १३ गतेदेखि लागू हुने गरी तीन महिने युद्धविराम घोषणा गरेपछिको अवस्थालाई ध्यानमा राख्दै,

ने.क.पा ( माओवादी ) द्वारा मानव अधिकारको सम्मान र मानवीय कानूनको पालना गर्ने २०६३ बैशाख ३ गतेको प्रतिबद्धता तथा मानव अधिकार तथा मानवीय कानूनको पालना तथा संरक्षण गर्ने नेपाल सरकारको २०६० चैत १३ गते जारी २५ बुँदें प्रतिबद्धता तथा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त प्रतिबद्धतालाई ह्रदयङ्गम गर्दै,

द्वन्द्वबाट जनसंख्याको ठूलो हिस्सा प्रभावित भएको र यसले निरन्तररूपमा असाधारण मानवीय क्षति र पीडा पुऱ्याएको, विस्थापित हुन वाध्य तुल्याएको, विध्वंस फैलिन गई शान्तिपूर्ण जीवन यापनमा अवरोध खडा भएको कुरालाई स्वीकार गर्दै,

सामाजिक अन्याय र दण्डहीनता जस्ता विषयहरु नेपाली जनताको मानव अधिकार, मर्यादा र प्रतिष्ठाका विपरित छन् र यिनले द्वन्द्वलाई उर्जा दिईरहेका छन् भन्ने कुरालाई हृदयङ्गम गर्दै,

शान्ति, न्याय र विकासका लागि मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको सम्मान विधिको शासनका प्रारम्भिक शर्त भएको यथार्थलाई आत्मसात गर्दै,

मानव अधिकार तथा मानवीय कानून सम्बन्धी अन्तर्राष्ट्रिय प्रमुख सन्धि संझौताहरूको नेपाल पक्ष राष्ट्र भएको, अन्तर्राष्ट्रिय कानूनका सर्वमान्य सिद्धान्त एवं मापदण्ड तथा प्रचलित राष्ट्रिय कानूनहरूलाई ध्यानमा राख्दै,

मानव अधिकार सम्झौतापत्रको प्रभावकारी पालनाले मानव अधिकारको अवस्थामा सुधार ल्याउन योगदान पुऱ्याउने मात्र नभई यसले सम्बद्ध पक्षहरु बीच विश्वासको वातावरण सृजना गरी वार्ताको वातावरण बनाई दीर्घकालीन शान्ति स्थापना हुने यथार्थलाई स्वीकार गर्दै,

मानव अधिकार आयोग ऐन, २०५३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई दिएको मानव अधिकार संरक्षण र सम्बर्द्धनको गहन दायित्व पूरा गर्ने वातावरण सृजना गरी शान्ति प्रयाशबाट मानव अधिकारको वर्तमान अवस्थामा सुधार ल्याउन यस्तो सम्झौता पत्रले पुऱ्याउनसक्ने योगदानलाई विचार गर्दै,

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी - माओवादी ( यस पछि सम्बद्ध पक्ष भनिएको ) निम्नानुसार सहमत भएका छन् :

## परिच्छेद एक

## सामान्य व्यवस्थाहरू

१.१ सम्बद्ध पक्षहरूले मानव अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको आफ्नो प्रतिबद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, जाति, वंश, राजनैतिक वा

अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत वा अवस्था मध्ये कुनै कुराको आधारमा भेदभाव हुनु हुदैन भन्ने कुरालाई आत्मसात गर्दछन् ।

१.२ सम्बद्ध पक्षहरू नेपाली जनताको नागरिक, राजनैतिक साथसाथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको उपभोग गर्ने अधिकार र विशेष गरी परिच्छेद दुईमा उल्लेख भएका अधिकारहरू उल्लंघनको कार्य तुरुन्त रोक्ने कुरालाई स्वीकार गर्दछन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन सहमत छन् ।

१.३ आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरूप नेपाल सरकारले प्रचलित नेपाल कानूनहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानून अनुकुल बनाउनको लागि कानूनको पुनरावलोकन गर्नेछ र मानव अधिकार र मानवीय कानुनलाई आत्मसात गर्ने सम्पुर्ण राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वयनको प्रत्याभूति गर्नेछ ।

१.४ युद्ध सम्बन्धी कानूनहरूले सम्बद्ध पक्षहरूलाई असीमित र स्वेच्छाचारी रूपमा लडाइँका तरिका र साधन छनौट गर्ने अधिकार दिएको हुँदैन भन्ने कुरालाई सम्बद्ध पक्ष स्वीकार गर्दछन् । यस सन्दर्भमा सम्बद्ध पक्ष गैर सैनिक व्यक्ति, तिनीहरूको सम्पत्ति र जिउने आधारका साथै अन्य कुनै गैर सैनिक भौतिक संरचना कुनै प्रत्यक्ष वा अप्रत्यक्ष आक्रमणबाट सुरक्षित रहनेछन् भन्ने समेत प्रत्यभूति गर्नेछन् ।

१.५ सम्बद्ध पक्षहरूले युद्धकार्यमा सक्रिय रूपमा भाग नलिएका, वा आफ्नो हतियार बिसाइसकेका सशस्त्र दस्ताका सदस्यहरू र रोग, अपाङ्गता, चोटपटक, थुना वा अन्य कारणले अशक्त अवस्था (hors de combat) मा रहेका व्यक्तिहरू समेत आकमणबाट सुरक्षित हुनुपर्छ भन्ने मान्यताहरुलाई व्यवहारमा प्रभावकारी रुपमा कार्यान्वयन गर्दछन् ।

१.६ सम्बद्ध पक्षहरू सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू उपर निपष्क्ष छानविन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् । साथै माथिल्लो निकाय वा आफूभन्दा माथिल्लो अधिकारीको आदेशले हुने मानव अधिकार उल्लंघनको कार्यमा सम्बन्धित उल्लंघनकर्ता तथा आदेशकर्ता दुवै जिम्मेवार हुने र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन । यसका साथै द्वन्द्व पीडित र तिनका परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

## परिच्छेद दुई
## आधारभूत मौलिक अधिकार

सम्बद्ध पक्षहरू देहायका अधिकारहरूको सम्मान र रक्षाको सुनिश्चितता प्रदान गर्न तत्काल कदम चाल्न र त्यसको लागि आवश्यक सहयोग गर्न सहमत भएका छन् ।

### २.१ बाच्न पाउने अधिकार

२.१.१ सम्बद्ध पक्षहरु व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । यस सन्दर्भमा कोही पनि यो आधारभूत अधिकारबाट बञ्चित गरिने छैन तथा स्वेच्छाचारी ढङ्गले हत्या गरिने वा प्राणदण्ड दिइनेछैन वा दण्ड सम्बन्धी आदेशहरूका माध्यमबाट सजाय दिइने छैन । यो अधिकार युद्ध कार्यमा सक्रिय सहभागी नभएकाहरू, हतियार बिसाएका वा नवोकेका सशस्त्र दस्ताका सदस्यहरू, निवृत्त सुरक्षाकर्मी वा बिदामा घरमा बसेका सुरक्षाकर्मी र रोग, चोटपटक, थुना वा अन्य कारणले अशक्त अवस्था (hors de combat) मा रहेका व्यक्तिहरूको हकमा पनि लागू हुनेछ ।

### २.२ वैयक्तिक मर्यादाको अधिकार

२.२.१ सम्बद्ध पक्षहरूले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानुन बमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् ।

### २.३.स्वतन्त्रता र सुरक्षाको अधिकार

२.३.१ सम्बद्ध पक्षहरूले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान र रक्षा गर्नुपर्ने तथ्यलाई आत्मसात गर्नेछन् । कसैलाई पनि स्वेच्छाचारी वा गैरकानूनी थुनामा राखिने, अपहरण गरिने वा बन्धक बनाइने छैन ।

२.३.२ सम्बद्ध पक्षहरुले बेपत्ता पारिएका र कब्जामा राखिएका भनिएका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानूनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन् । कुनै पनि व्यक्ति, तिनका परिवारका सदस्य, कानूनी सल्लाहकारलगायत बाहिरी दुनियासँगको सम्पर्क स्थापना गर्ने स्वतन्त्रताबाट वञ्चित हुने छैनन् । कसैलाई पनि संवाद वा सञ्चारविहीन अवस्थामा राखिने छैन र स्वतन्त्रताबाट बञ्चित सबै व्यक्तिहरु उपर मानवोचित मर्यादाको पूर्ण सम्मानका साथ व्यवहार गरिने छ ।

### २.४ आवत-जावत गर्ने स्वतन्त्रताको अधिकार

२.४.१ सम्बद्ध पक्षहरूले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोवासको स्थान छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्नेछन् । यस सन्दर्भमा विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाँउमा बसोबासको लागि पर्याप्त स्थानको अधिकारको सम्मान गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

२.४.२ सम्वद्ध पक्षहरू मानव अधिकार तथा मानवीय सहायताको क्षेत्रमा कार्यरत संघ संस्थाहरूले गरेका कामको महत्वलाई स्वीकार गर्दै तिनलाई बिना अवरोध मुलुकभर आवत-जावत तथा घुमफिर गर्ने सुनिश्चितता गर्न प्रतिबद्ध छन् । यसैगरी खाना (भोजन), औषधि एवम् कपडा लगायतका अत्यावश्यक मानवीय सहायताका लागि कुनै बाधा नपुऱ्याई स्वतन्त्र रुपमा कार्य गर्ने वातावरण सिर्जना गर्न पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन् ।

### २.५ विचार र अभिव्यक्ति, संघसंस्था खोल्ने, भेला हुने र राजनैतिक अधिकारको उपभोग गर्ने स्वतन्त्रताको अधिकार

२.५.१.सम्वद्ध पक्षहरू प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको सम्मान र संरक्षण गर्न प्रतिबद्ध छन् ।

२.५.२.सम्बद्ध पक्षहरू प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने र निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

२.५.३ सम्वद्ध पक्षहरू व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्ध छन् । संचारकर्मी, मानव अधिकार प्रतिरक्षक, शिक्षक, राजनैतिक दलका सदस्य, निर्वाचित नागरिक पदाधिकारी एवम् व्यक्तिलाई मार्ने, धम्की दिने, बेपत्ता पार्ने, कब्जामा लिने तथा अपहरण गर्ने जस्ता कार्यहरू तुरुन्त बन्द गर्ने तथा यस्ता कार्यको रोकथाम गर्ने कुराको प्रत्याभूति गर्नेछन् ।

### २.६ काम गर्न पाउने अधिकार

२.६.१. सम्बद्ध पक्षहरू व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको काम गरी जीवन यापन गर्ने अधिकार को सम्मान तथा संरक्षण गर्न प्रतिवद्ध छन् । यस सिलसिलामा कुनै व्यक्तिले पदीय हैसियत प्राप्त गरेका कारण त्यस्तो व्यक्ति वा निजको परिवारका सदस्यलाई मार्ने, धम्की दिने, दुःख पीडा दिने

वा मानव अधिकार उल्लंघन हुने अन्य कुनै कार्य हुनबाट तुरुन्त रोक्न वा रोकथाम गर्न प्रतिज्ञा गर्दछन् ।

**२.७ खाना (भोजन) सम्बन्धी अधिकार**

२.७.१. सम्बद्ध पक्षहरू खाना (भोजन) सम्बन्धी हकको सम्मान एवम् संरक्षण गर्न प्रतिवद्ध छन् । खाद्यवस्तु तथा खाद्य उत्पादन ओसार पसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् । साथै, खाद्यान्नको प्रयोग र ओसार पसारको विषयलाई युद्ध रणनीतिको रूपमा प्रयोग नगर्ने प्रतिवद्धता जाहेर गर्दछन् । यसैगरी सर्वसाधारण जनताको कृषिजन्य जीविकोपार्जनका साधन र माध्यमको सम्मान तथा संरक्षण गर्नुपर्छ भन्ने कुरामा पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन् ।

**२.८.स्वास्थ्य सम्बन्धी अधिकार**

२.८.१ सम्बद्ध पक्षहरू नागरिकहरुको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्नेछन् । यस सन्दर्भमा नागरिक तथा सम्वद्ध पक्षहरुका सैन्यको उपचार कार्यमा संलग्न कर्मचारी, स्वास्थ्य संस्था वा इकाई र यातायातको सदैव सम्मान एवम् संरक्षण गर्दछन् ।

२.८.२ सम्बद्ध पक्षहरूले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्य सम्बन्धी अभियानमा वाधा पुऱ्याउने छैनन् र साथै त्यस्तो प्रकृयामा सहजीकरण गर्ने प्रतिबद्धता जाहेर गर्दछन् ।

२.९ **शिक्षा सम्बन्धी अधिकार**

२.९.१ सम्बद्ध पक्षहरूले शिक्षा सम्बन्धी अधिकारको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई सुनिश्चितता गर्नेछन् । यस सन्दर्भमा शिक्षण संस्थालाई 'शान्ति क्षेत्र'को रूपमा सम्मान गरी शिक्षासम्बन्धी हकको उल्लङ्घन हुनेछैन भन्ने कुराको सुनिश्चितता गर्ने प्रतिवद्धता जाहेर गर्दछन् ।

२.९.२ सम्बद्ध पक्षहरूले शिक्षण संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरूलाई वेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्नेछन् । साथै अपहरितलाई मुक्त गर्ने र विद्यालयहरू शैक्षिक निकायलाई फिर्ता गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

२.१०.**महिला तथा बालबालिकाको अधिकार**

२.१०.१ सम्बद्ध पक्षहरू महिला तथा बालबालिकाका अधिकारहरुको विशेष संरक्षण गर्न प्रतिवद्ध छन् ।

२.१०.२ सम्बद्ध पक्षहरूले बलात्कार वा ंकुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिका विरुद्ध हुने हिंसात्मक कार्यहरूमाथि रोक लगाउनेछन् । त्यस किसिमका कुनै पनि कार्यहरू हुनगएमा त्यसवारे निष्पक्ष अनुसन्धान गरी पीडकलाई न्यायिक कारवाही र पीडितलाई पर्याप्त क्षतिपूर्तिको व्यवस्था गर्दछन ।

२.१०.३ सम्बद्ध पक्षहरू बालबालिकालाई सेना, लडाकु, सुराकी, भरिया, भान्से आदिका रूपमा प्रयोग नगर्ने र जबर्जस्ती कुनै सिद्धान्तप्रति अभिप्रेरित नगर्ने प्रतिवद्धता जाहेर गर्दछन् ।

२.१०.४ सम्बद्ध पक्षहरू अठार वर्ष वा सो भन्दा मुनिका केटाकेटीहरूलाई सशस्त्र द्वन्द्वमा समावेश गर्ने कार्यलाई तत्काल रोक्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरू तुरुन्त मुक्त गरिनेछन् र तिनीहरूको पुनर्स्थापनाको लागि आवश्यक र यथोचित सहयोग प्रदान गर्दछन ।

## परिच्छेद तीन

## कार्यान्वयन तथा अनुगमन

३.१ सम्बद्ध पक्षहरू राष्ट्रिय मानव अधिकार आयोग (यस पछि आयोग भनिएको ) को वैधानिक भूमिकालाई स्वीकार गर्दछन् र प्रस्तुत सम्झौतापत्रको कार्यान्वयनको अनुगमन र मानव अधिकार तथा मानवीय कानून उल्लंघनका घटनाहरुको सत्यताको जाँच गर्न आयोगको जिम्मेवारीप्रति पूर्ण विश्वस्त हुनेछन् । आयोगले यस सम्झौतापत्रका प्रावधानहरुको पालन भए नभएको सम्वन्धमा सूचनाहरु प्राप्त गर्ने अनुगमन तथा अनुसन्धान गर्ने र प्राप्त तथ्यका आधारमा निर्णय गर्नेछ । पीडितको लागि पर्याप्त उपचारको व्यवस्था भए नभएको सम्बन्धमा आयोगले अनुगमन गर्नेछ । आयोगले गरेका सुझाव तथा सिफारिसहरू नियमित रूपमा सम्बन्धित पक्षहरूलाई प्रेषित गर्ने र आवश्यकताअनुसार प्रतिवेदन सार्वजनिक गर्नेछ ।

३.२ सम्बद्ध पक्षहरू यस सम्झौतापत्र को कार्यान्वयनको अनुगमन गर्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आफ्ना सम्पूर्ण अधिकारहरूको प्रयोग गर्न सक्ने कुरालाई पुनर्पुष्टि गर्दछन् ।

३.३ सम्बद्ध पक्षहरूद्वारा मानव अधिकार आयोग ऐन बमोजिम कार्य सम्पादन गर्न तथा यस सम्झैताको कार्यान्वयनको अनुगमन गर्न आयोगलाई पूर्ण समर्थन र सहयोग प्रदान गर्न वचनवद्धता व्यक्त गर्दछन् । सम्बद्ध पक्षहरू आयोग वा आयोगको तर्फबाट कार्यरत कुनै पनि व्यक्तिको मुलुकभरि स्वतन्त्र आवतजावतको तथा सुरक्षाको प्रत्याभूति गर्दछन् । साथै आयोगलाई सूचना दिने व्यक्तिको सुरक्षाको सुनिश्चितता गर्दछन् ।

३.४ सम्बद्ध पक्षहरू आयोगका प्रतिनिधिहरू वा आयोगको तर्फबाट कार्यरत व्यक्तिहरूको विश्वसनीयता र मर्यादालाई आदर गर्नेछन् र सो स्वीकारोक्ति कुनै पनि स्थान, कागजात, भौतिक सरसामान, औजार र सञ्चार तथा यातायातका विभिन्न साधनहरू समेतको लागि हुनेछ ।

३.५ सम्बद्ध पक्षहरूले आयोगले अनुरोध गरेका सूचनाहरू समयमै पठाउनेछन् र आयोगका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन गर्नेछन् ।

दृष्टव्य : २०६०।११।२७ मा नेपाल सरकारलाई प्रदान गरिएको "मानव अधिकार संरक्षणका लागि तत्काल चाल्नुपर्ने न्यूनतम कदमहरू", नेकपा माओवादीलाई बुझाइएको २०६१।२।१४ को "अन्तर्राष्ट्रिय मानवीय अधिकार कानून र मानव अधिकारका सिद्धान्तहरूको सम्मान गर्न तत्काल चाल्नुपर्ने न्युनतम कदमहरू" प्रति पनि सम्वद्ध पक्षहरुको ध्यान आकृष्ट गरिन्छ ।

## परिच्छेद चार

## विविध

यस सम्झौतापत्र मा लेखिएका कुनै पनि प्रावधानले मानव अधिकार आयोग ऐन, २०५३ ले आयोगलाई प्रदान गरेका अधिकारहरूलाई निष्प्रभाव पार्ने वा सीमित गर्ने छैनन् ।

४.१. सम्बद्ध पक्षहरू प्रस्तुत सम्झौतापत्रको कार्यान्वयनका लागि आवश्यकताअनुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न मञ्जुर गर्दछन् ।

४.२. सम्बद्ध पक्षहरु बीच तथा आयोगसँग सरल रूपमा सञ्चार आदानप्रदान गर्न सम्पर्क व्यक्तिहरु नियुक्त गर्ने स्वीकार गर्दछन् ।

४.३. सम्बद्ध पक्षहरुको सहमतिबाट प्रस्तुत सम्झौतापत्र मा कुनै पनि समयमा लिखित संशोधन गर्न सकिने र सो को सूचना आयोगलाई दिइनेमा सहमति व्यक्त गर्दछन । त्यस्तो संशोधन मान्यताप्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको मापदण्डभन्दा न्यून हुने छैन ।

४.४.सम्बद्ध पक्षहरुले आ-आफ्ना प्रतिनिधि, आबद्ध संस्थाहरू, समर्थकहरू र शुभचिन्तकहरूद्धारा प्रस्तुत सम्झौतापत्र को सम्मान, व्यापक प्रचारप्रसार र कार्यान्वयनका लागि सुनिश्चितता गर्दछन् । प्रस्तुत सम्झौतापत्र विभिन्न सञ्चार माध्यमहरूमा समेत प्रकाशित हुनेछ ।

४.५. प्रस्तुत सम्झौतापत्र मा उल्लिखित कुनै पनि व्यवस्था (बुँदा) को व्याख्या गर्ने अन्तिम अधिकार राष्ट्रिय मानव अधिकार आयोगलाई हुनेछ ।

४.६. सम्बद्ध पक्षहरुले हस्ताक्षर गरेको मितिदेखि प्रस्तुत सम्झौतापत्र लागू हुनेछ ।

| | |
|---|---|
| ..................... | ....................... |
| **नेकपा (माओवादी)** | **नेपाल सरकार** |

मिति ............................ मा ............... हस्ताक्षर गरिएको